आज मिति २०७७ बैशाख २८ गते आईतबारको दिन बिहानको ७:३० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ८७ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री शिवभक्ति बलामी (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शंकर मान महर्जन (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री राज कुमार लामा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य अध्यक्ष श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री कविता खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री मिना मगर | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री राजेश परियार | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री शारदा आचार्य | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री काजी कुमार पोखरेल | सचिव | |

**अन्य उपस्थिती** :-

१. श्री दिपक कुमार के.सी. (योजना, अनुगमन तथा प्रशासकीय अधिकृत)
२. श्री गणेश गुरुङ (लेखा अधिकृत)

मिति २०७७/१/२६ गते नगर प्रमुखज्यूबाट मिति २०७७/१/२८ गते नगर कार्यपालिकाको ८७ औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाबाट निर्णयका लागि पेश भएका विषयहरु माथि छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | कानूनमा भएको व्यहोरा | निर्णय हुनुपर्ने व्यहोरा |
|---|---|---|---|
| १. | बिउबिजन तथा मल वितरण सम्बन्धमा । | | • यस नगरपालिकाको मिति २०७६/१२/२८ गतेको निर्णयानुसार कोरोना भाइरस (कोभिड - १९) रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारबाट घोषणा गरिएको लकडाउनका कारणले नगरबासीलाई खाद्यान्न संकट हुन नदिन राहत स्वरुप निम्नानुसारको वडा कार्यालय मार्फत् बिउबिजन वितरण गर्न नगर कार्यपालिकाको सदस्य श्री अम्बिका बलामी (वडा नं. ९ का अध्यक्ष), श्री हरि प्रसाद तिमल्सेना (वडा नं. ७ का अध्यक्ष) र श्री शारदा आचार्यज्यूको समितिबाट प्राप्त प्रतिवेदन अनुसार बिउबिजनहरु खरिदका लागी आवश्यक हुने रकम चालु आ.ब.को नगरस्तरिय कृषि कार्यक्रम अन्तर्गत बिनियोजित रकम रु.१४,००,०००।- (चौध लाख) एवं नपुग रकम वडा स्तरीय बजेटहरु मध्ये वडा नं. १ को सार्वजनिक जग्गामा फलफुलको बिरुवा वृक्षारोपणबाट रु.१,००,०००।-, वडा नं. २ को कृषि कार्यक्रममध्येबाट रु.१,००,०००।-, वडा नं. ३ को कृषि अवलोकन भ्रमण मध्येबाट रु.१,००,०००।-, वडा नं. ४ को सुनौलो घ्याम्पे डाँडा वनमा वृक्षारोपणबाट रु.१,००,०००।-, वडा नं. ६ को कृषि कार्यक्रमबाट रु.१,००,०००।- र वडा नं. ७ को टनेल खरीद कार्यक्रमबाट रु.१५,०००।- गरी जम्मा रु.६,१५,०००।- (छ लाख पन्ध्र हजार) समेत गरी जम्मा रु.२०,१५,०००।- (बिस लाख पन्ध्र हजार) कृषकहरुको लागी राहत स्वरुप नगरपालिकाबाट ७० प्रतिशत अनुदान र कृषकहरुको तर्फबाट ३० प्रतिशत रकम बेहोर्ने गरी मिति २०७७/०१/०५ नगर प्रमुखद्वारा स्वीकृत कार्यक्रम र वडा वडामा कृषकहरुको लागी नपुग भएको बिउबिजन, धान र मल लगाएत्को कृषि सामग्रीहरु वडा स्तरिय कार्यक्रम संशोधन गरी तोकिएको मापदण्ड भित्र खरिद गरिएको खर्चलाई समेत अनुमोदन गर्ने । |
| २. | कानुनी सल्लाहकारको करार म्याद थप तथा सुविधा सम्बन्धमा । | | • यस नगरपालिकाको मिति २०७५/०३/२७ को ४५ औं बैठकको निर्णयानुसार नियुक्त कानुनी सल्लाहकार रुकुमा कर्माचार्यले उक्त समयदेखी हालसम्म न्यायीक समिति, न.पा.सँग सम्बन्धित अदालती कामकाज तथा न.पा.लाई आवश्यक अन्य कानुनी सेवा प्रवाहसँग सम्बन्धित कार्यहरु निरन्तर रुपमा गर्दै आईरहनु भएकोमा निजको करार म्याद २०७६ साल असार मसान्तबाट समाप्त भएको हुदाँ निजले करारको म्याद थपको लागी पेश गर्नु भएको निवेदनको आधारमा २०७६ साल श्रावण देखी मासिक पारिश्रमिक रु.१९,५००।- (उन्नाईस हजार पाँच सय) उपलब्ध गराउने गरी करार म्याद थप गर्न यस नगरपालिकाबाट मिति २०७६/११/१४ मा भएको निर्णयलाई अनुमोदन गर्ने । |

प्रतिलिपि प्रमाणित

(दिपक कुमार के.सी.)
यो.अ.तथा प्र.अधिकृत

| | | | |
|---|---|---|---|
| ३. | आयोजना सम्झौता सम्बन्धमा । | | • नगर सभाबाट स्वीकृत नगर विकास आयोजना तथा सञ्चालन हुन नसकेको सम्बन्धमा सम्बन्धीत वडा समितिको निर्णय भई वडा कार्यालयको सिफारिसमा नगर प्रमुखद्वारा संशोधन गर्ने । |
| ४. | स्थानीय तहको पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धमा । | | • बाग्मती प्रदेश सरकारद्वारा मिति २०७७/०१/०३ मा प्रकाशित प्रदेश राजपत्रको दफा २ को उपदफा ३ अनुसार स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ अनुसार स्थानिय जनप्रतिनिधिले पाउने सुविधाहरु (टेलिफोन, मोबाईल, खाजा, पुस्तक, पत्रपत्रिका, ईन्टरनेट, समन्वय भत्ता, खानेपानी, बिजुली महसुल, सरसफाई, मर्मत, अतिथि संस्कार, यातायात खर्च, ईन्धन) सर्वोच्च अदालतको आदेश बमोजिम २०७६ असोज देखी हालसम्मको सुविधा बापतको रकममा उक्त अवधिसम्ममा लिईएको ईन्धन तथा सञ्चार खर्च कट्टा गरी दोहोरो नहुने गरी एकमुष्ट रुपमा सम्बन्धित जनप्रतिनिधिको बैङ्क खातामा महिना समाप्त भएपछि सोझै भुक्तानी गर्ने । |
| ५. | बेवारिसे लास व्यवस्थापन खर्च सम्बन्धमा । | | • यस नगरपालिका क्षेत्र भित्र फेला परेका बेवारिसे लासहरु व्यवस्थापनको लागी आवश्यक खर्च सम्बन्धित वडा कार्यालयको सिफारिसमा प्रहरी कार्यालयको मागको आधारमा प्रति लास व्यवस्थापन खर्च अधिकतम रु.१२,०००।- (बाह हजार) सम्म सम्बन्धित निकायलाई उपलब्ध गराउने । |
| ६. | होर्डिङ बोर्ड सम्बन्धमा । | | • आर्थीक ऐन २०७६ को दफा ८ को उपदफा २ अनुसुचि ७ मा भएको व्यवस्था अनुसार विज्ञापन करको लागी मिति २०७६/०५/३० मा दरभाउ पत्र आव्हान सम्बन्धी सार्वजनिक सुचना प्रकाशित भएकोमा सारभुत रुपमा दुई वटा मात्र दरभाउपत्र स्वीकृत भएकोले पुनः दोस्रो पटक २०७६/०८/२३ मा सुचना प्रकाशित गर्दा एउटा मात्र दरभाउ पत्र पेश हुन आएको हुदाँ सारभुत रुपमा योग्य तिन वटा दरभाउ पत्र मध्ये नेपाल मिडिया टेक्नोलोजी प्रा.लि. कुपन्डोल, ललितपुरले अधिकतम मुल्य भ्याट बाहेक रु.८,९१,९९९।- (आठ लाख एकान्नब्बे हजार नौ सय उनान्सय) कबोल गरेको हुदाँ उक्त प्रा.लि.सँग सम्झौता गर्ने । |
| ७. | क्वारेन्टाईन व्यवस्थापन खर्च सम्बन्धमा । | | • विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड - १९) रोकथाम तथा नियन्त्रणको लागी यस नगरपालिका क्षेत्र भित्र (वडा नं. १ देखी ९ सम्म) रहेका कोरोना शंकास्पद व्यक्तिहरु तथा विदेशबाट फर्किएका व्यक्तिहरुलाई नेपाल सरकारले तोके बमोजिमको समय सम्म (२१ दिन) क्वारेन्टाईनमा राख्नको लागी यस नगरपालिका वडा नं. १, चाल्नाखेलमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा क्वारेन्टाईन केन्द्र व्यवस्थापनको लागी खरिद भएको सामग्रीको भुक्तानी र उक्त क्वारेन्टाईन स्थापना गर्ने भवनको मर्मतको प्राविधिक मुल्याङ्कन अनुसार भएको बिल बमोजिमको खर्च रु.१,००,७९५।८४ (एक लाख साल सय पन्चान्नब्बे रुपैयाँ चौरासी पैसा) र यस नगरपालिकाको चार वटा नाकामा स्थापना गरिएको हेल्प डेक्समा भएको खर्च समेत राहत कोषबाट भुक्तानी दिने । |

प्रतिलिपि प्रमाणित
०७६।४।१७
(दिपक कुमार के.सी.)
प्र.अ.तथा प्र.अधिकृत

८. किटनाशक औषधी स्प्रे र कोरोना शंकास्पद बिरामी तथा विदेशबाट आएका व्यक्तिहरु बोक्ने गाडी, खाद्य सामग्री बोक्ने गाडी तथा एम्बुलेन्स भाडा लगाएत्का खर्चहरु भुक्तानी सम्बन्धमा ।

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड - १९) रोकथाम तथा नियन्त्रणको लागी यस नगरपालिका क्षेत्र भित्र (वडा नं. १ देखी ९ सम्म) क्लोरिन र ब्लेचिङ पाउडर लगाएत्का किटनाशक औषधी (**Disinfectant**) छर्किएकोमा सम्बन्धित वडा कार्यालयहरुको सिफारिसको आधारमा उक्त कार्यका लागी प्रयोग भएको गाडी भाडा र उक्त कार्यमा खटिने जनप्रतिनिधि एवं स्वयंसेवकहरुको खाजा खर्च, कोरोना शंकास्पद बिरामी लगाएत् नगरपालिकाका अन्य बिरामीहरु तथा विदेशबाट आएका व्यक्तिहरुलाई अस्पतालसम्म पुर्याउन तथा ल्याउनको लागी प्रयोग भएको गाडी भाडा, राहत सामग्री ढुवानीमा प्रयोग भएको गाडी भाडा एवं श्रमिकहरुलाई घर फर्काउन सम्बन्धित स्थानसम्म पुन्याउनको लागी प्रयोग भएको गाडी भाडा नगर दररेटबाट नबढ्ने गरी भुक्तानी दिन कोरोना भाईरस ( कोभिड - १९) रोकथाम तथा नियन्त्रण सम्वन्धी नगरस्तरिय समन्वय समितिको मिति २०७७/०१/०२ को बैठकबाट सिफारिस भए बमोजिम हाल सम्म भुक्तानी माग भई बिल प्राप्त भएका तपसिलका खर्चहरु र बिल प्राप्त हुन बाँकी भुक्तानीहरुको सम्बन्धमा राहत व्यवस्थापनको कार्य तत्कालै गर्नुपर्ने फरक परिस्थिति भएकोले अन्य कानुनी प्रक्रियाहरु अबलम्बन गरी भुक्तानी गर्न नसकिएकोले मौखीक रुपमा आदेश भएका खर्चहरुलाई वास्तविकता र औचित्य हेरी नगर प्रमुखबाट निर्णय गराई राहत कोषबाट भुक्तानी गर्ने ।

तपसिल

क) किटनाशक औषधी स्प्रेमा प्रयोग भएको गाडी भाडा खर्च

| क्र. सं. | सवारि नं. | प्रति दिनको दर | जम्मा दिन | जम्मा रकम | भुक्तानी पाउनेको नाम |
|---|---|---|---|---|---|
| १ | बा १६ च ४३७१ स्कोरपियो | रु.३५००।- | ५ दिन | रु.१७५००।- | सुशान्त बाबु आचार्य |
| २ | बा ५ च २००७ डि आई | रु.३५००।- | ७ दिन | रु.२४५००।- | सुन्दर आचार्य |
| ३ | बा १० च ६९४ डि आई | रु.३५००।- | १ दिन | रु.३५००।- | प्रकाश श्रेष्ठ |
| ४ | बा ३ च ४०४० | रु.३५००।- | १ दिन | रु.३५००।- | |
| ५ | बा १२ च ७२३६ | रु.३५००।- | १ दिन | रु.३५००।- | रमेश बलामी |

ख) कोरोना शंकास्पद बिरामी तथा विदेशबाट आएका व्यक्तिहरु बोक्न प्रयोग भएको गाडी भाडा खर्च

| क्र. सं. | सवारि नं. | प्रति महिनाको दर | जम्मा महिना | जम्मा रकम | भुक्तानी पाउनेको नाम |
|---|---|---|---|---|---|

प्रतिलिपि प्रमाणित

०७६।१२।१७

(दिपक कुमार के.सी.)
प्रो.अ.तथा प्र.अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| १ | बा २१ च ९४५५ मारुती ईको भ्यान | रु.६००००।- | १ महिना | रु.६००००।- | उज्वल खड्का |

ग) राहत ढुवानीमा प्रयोग भएको गाडी भाडा खर्च

| क. सं. | सवारि नं. | प्रति टिपको दर | जम्मा टिप | जम्मा रकम | भुक्तानी पाउनेको नाम |
|---|---|---|---|---|---|
| १ | बा १८ च १४ हाईलक्स | रु.२०००।- | ९ टिप | रु.१८०००।- | राजेश बलामी |

घ) श्रमिकहरुलाई घर फर्काउन प्रयोग भएको गाडी भाडा खर्च

| क. सं. | सवारि नं. | प्रति टिपको दर | जम्मा टिप | जम्मा रकम | भुक्तानी पाउनेको नाम |
|---|---|---|---|---|---|
| १ | प्रदेश ३ ०१ ०२२ च ७२६२ डि आई | रु.२०००।- | १ टिप | रु.२०००।- | अनिल खत्री |

ङ) किटनाशक औषधी स्प्रे गर्दा परिचालित जनप्रतिनिधि एवं स्वयंसेवकको खाजा खर्च

| क. सं. | वडा नं. | खाजा खाने व्यक्तिको संख्या | जम्मा रकम | भुक्तानी पाउनेको नाम |
|---|---|---|---|---|
| १ | का.म.न.पा. प्राविधिकहरुको खाजा खर्च | १५००•४ जना | रु.६०००।- | विकास गुरुङ |
| २ | द.न.पा.६ द्वारा भएको खाजा खर्च | ७ | रु.२१००।- | कोटालटोल नेवारी खाजा घर |
| ३ | एकमुष्ठ खाजा खर्च | २४५ | रु.३८७२०।- | कोटालटोल नेवारी खाजा घर |

प्रतिलिपि प्रमाणित

(दिपक कुमार के.सी.)
प्रो.अ.तथा प्र.अधिकृत

९. राहत वितरण भुक्तानी सम्बन्धमा ।

- कोरोना भाईरस (कोभिड - १९) रोकथाम तथा नियन्त्रणको लागी पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा नगर स्तरिय समन्वय समितिको २०७६/१२/१२ को निर्णय तथा २०७६/१२/१६ को निर्णयानुसार नेपाल सरकारको निर्णयानुसार लकडाउनको कारणले दैनिक ज्याला मजदुरी गरी दैनिक जीवनयापन गर्नु पर्ने अति विपन्न व्यक्ति/परिवारको लागी खाद्यान्नको अभावबाट भोकमरीको समस्यामा पर्न नदिन तत्काल

| | | | |
|---|---|---|---|
| | | | वडा कार्यालयहरुबाट तोकिएको मापदण्ड अनुसारको राहत वितरण गरिएकोमा प्राप्त बिल, भर्पाई र वडा कार्यालयहरुको सिफारिसहरु समेतको आधारमा नगर प्रमुखबाट निर्णय गराई राहत कोषबाट रकम भुक्तानी गर्ने । |
| १०. | दक्षिणकालि क्षेत्र प्रवन्ध समिति सम्बन्धमा । | | • स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ (ज) मा भएको व्यवस्था अनुसार दक्षिणकाली मन्दिरको व्यवस्थापन लगाएत्का कार्य सञ्चालन यस दक्षिणकाली नगरपालिकाले गर्ने भनी शहरी विकास तथा भवन निर्माण विभागको च.नं.४११, मिति २०७५/०९/२० को पत्रबाट लेखी आएको । यसरी शहरी विकास तथा भवन निर्माण विभागको मातहतमा रहेको साविकको क्षेत्र प्रवन्ध समितिको नामबाट सञ्चालन हुदैं आएकोमा यस न.पा.बाट संरक्षण र सञ्चालनको लागी मन्त्रिस्तरबाट निर्णय गरि भवन विभागबाट लेखी आएकोले उक्त प्रबन्ध समिति स्वतः खारेज भएको हुदाँ र मन्दिर व्यवस्थापन सम्बन्धि छुट्टै कार्यविधि ऐन, नियम तर्जुमा गरी दिर्घकालीन व्यवस्थापनको नीति तर्जुमा गर्नुपर्नेमा साविक दक्षिणकाली क्षेत्र प्रवन्ध समितिको ऐन, कानुन तथा कार्यविधि तयार गर्ने तथा त्यस समितिको व्यवस्थापन गर्न यस नगरपालिकाको ८६ औं कार्यपालिका बैठकबाट प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठित समितिको मिति २०७६/१२/०३ को बैठकको निर्णयानुसार सो समितिमा कार्यरत सदस्य सचिवको समायोजन सरुवा भई सो पद रिक्त रहेकोले दक्षिणकाली प्रबन्ध समितिको दैनिक क्रियाकलाप रोकिएकोले नगरपालिकाले उपयुक्त कर्मचारीलाई दक्षिणकाली क्षेत्र प्रबन्ध समितिको दैनिक क्रियाकलाप सञ्चालन गर्न उपयुक्त हुने भनि सिफारिस भएको हुदाँ नगरपालिकाले यस कार्यालय अन्तर्गत रहेका स्थायी कर्मचारीहरु मध्येबाट उपयुक्त कर्मचारी खटाई साविक क्षेत्र प्रबन्ध समितिले वार्षिक कार्यक्रमहरु नगर कार्यपालिकाबाट स्वीकृत गराई साविकका कर्मचारिहरुलाई मन्दिरको आयस्रोतबाट मात्र धान्न सक्ने गरी साविककै पदमा प्रमाण कागजात हेरी सेवा करारमा लिई साविक प्रबन्ध समितिले भुक्तानी नदिएको तर कर्मचारीहरुले निरन्तर रुपमा कार्य गरी आएको भए मिति २०७६ पुष महिना देखीको तोकिएको पद अनुसारको सुरु तलब स्केल मात्र भुक्तानी दिने, नियमित व्यवस्थापन, आय संकलन, खाता सञ्चालन एवं दैनिक प्रशासन सञ्चालन गर्ने । |
| ११. | विविध । | | • कोरोना भाईरस (कोभिड - १९) बाट सिर्जित विषम परिस्थितिलाई मध्यनजर गर्दै यस नगरपालिका भित्र रहेका नागरीकहरु बेरोजगार हुने सम्भावनालाई मध्यनजर गर्दै शिक्षित युवा, विदेशबाट फर्किएका युवा, महिला, दलितहरुलाई व्यवसाय गर्नको लागी प्रोत्साहन एवं सहुलीयतपूर्ण कर्जा लगानीका लागी सनराईज बैङ्क लिमिटेडसँग सहकार्यका लागी MOU गरी सहुलियत कर्जा उपलब्ध गराउने । |

प्रतिलिपि प्रमाणित
०७७/२/७
(दिपक कुमार के.सी.)
यो.अ.तथा प्र.अधिकृत